## नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ६, संख्याः ६, श्रावण १२ गते, २०७९ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## व्यास नगर स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि २०७९

कार्यपालिकाबाट स्वीकृत मितिः २०७९/४/८

**प्रस्तावनाः** व्यास नगरपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालयहरुमा विद्मान शिक्षक अभाव परिपूर्ति गर्ने पठनपाठनमा सहजता प्रदान गर्ने र शैक्षिक गुणस्तरमा सुधार ल्याउने उद्देश्यले नेपालको संविधान २०७२ को अनुसूची ८ मा उल्लेखित स्थानीय तहको एकल अधिकारको सूची एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) मा उल्लेखित आधारभूत तथा माध्यमिक शिक्षा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ (१) अनुसार यो कार्यविधि बनाई जारी गरेको छ ।

### परिच्छेदद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "व्यास नगर स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि २०७९" रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भई व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "स्वयंसेवक शिक्षक" भन्नाले यसै कार्यविधि बमोजिम नियुक्त व्यास नगर स्वयं सेवक शिक्षक सम्झनु पर्छ ।

(ख) "नगरपालिका" भन्नाले व्यास नगरपालिका सम्झनु पर्छ ।

(ग) "सभा" भन्नाले व्यास नगरपालिकाको नगर सभा सम्झनु पर्छ ।

(घ) "कार्यपालिका" भन्नाले व्यास नगरपालिका नगर कार्यपालिका सम्झनु पर्छ ।

(ङ) "प्रमुख" भन्नाले व्यास नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।

(च) “कार्यालय” भन्नाले व्यास नगरपालिका नगर कार्यपालिकाको कार्यालय दमौली तनहुँ सम्झनु पर्छ ।

(छ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले व्यास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ज) “समिति” भन्नाले स्वयंसेवक शिक्षक छनौटका लागि गठित स्वयंसेवक शिक्षक छनौट समित सम्झनु पर्छ ।

(झ) “परीक्षा” भन्नाले स्वयंसेवक शिक्षक छनौटका लागि समिति द्वारा सञ्चालन गर्ने लिखिति परीक्षा, प्रयोगात्मक परीक्षा तथा अन्तरवार्ता मध्ये कुनै एक परीक्षा वा दुई वा तीन वटै परीक्षा सम्झनु पर्छ ।

(ञ) “विद्यालय” भन्नाले व्यास नगरपालिका क्षेत्र भित्र सञ्चालित सामुदायिक विद्यालय सम्झनु पर्छ ।

(ट) “शिक्षा शाखा” भन्नाले व्यास नगरपालिकाको शिक्षा तथा सामाजिक विकास शाखा सम्झनु पर्छ ।

(ठ) “शिक्षा अधिकृत“ व्यास नगरपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कार्मचारी सम्झनु पर्छ ।

(ड) “विषय विशेषज्ञ” भन्नाले स्वयंसेवक शिक्षक छनौट परीक्षा सञ्चालनका लागि नगरपालिकाबाट सूचीकृत भएका शिक्षक सम्झनु पर्छ ।

३. **कार्यविधिको उद्देश्य:** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः

(क) नगर क्षेत्र भित्र सञ्चालित सामुदायिक आधारभूत तथा माध्यमिक विद्यालयहरुमा शिक्षक अभाव परिपूर्ति गर्नु,

(ख) सामुदायिक विद्यालयहरुको सेवा प्रवाह एवं शैक्षिक गुणस्तर सुधार गर्नु

(ग) माध्यमिक तह सम्मको निःशुल्क शिक्षा व्यवस्थालाई प्रत्याभूत गर्नु ।

## परिच्छेदद २
## स्वयंसेवक शिक्षक कोटा निर्धारण र वितरण व्यवस्था

४. **स्वयंसेवक शिक्षक कोटा निर्धारण र वितरण:** (१) नगरपालिकाको आफ्नै आन्तरिक श्रोतबाट व्यहोर्ने गरी नगर कार्यपालिकाको निर्णय बमोजिम स्वयंसेवक शिक्षक कोटा संख्या निर्धारण गरिने छ। कोटा निर्धारण गर्दा विषयगत आधारमा निर्धारण गरिने छ।

(२) नगर क्षेत्र भित्रका सामुदायिक विद्यालयहरुमा स्वयंसेवक शिक्षक कोटा वितरण गर्दा देहाय बमोजिमका आधारमा गरिने छः

अ. विद्यालयहरुमा अध्ययनरत विद्यार्थी संख्या एवं शिक्षक संख्याका आधारमा शिक्षक अभाव रहे नरहेको तथा सहज ढंगले पठनपाठन हुन सक्ने वा हुन नसक्ने यकिन गरि विद्यालयगत रुपमा कोटा निर्धारण गरिने छ।

आ. कक्षागत र विषयगत शिक्षक नपुग भएमा सामुदायिक विद्यालयहरु कक्षागत रुपमा प्रति कक्षा न्यूनत्तम २० जना विद्यार्थी भएमा स्वयंसेवक शिक्षक कोटा उपलब्ध गराउन सकिने छ । तर माथिल्लो तहमा तोकिएभन्दा कम शिक्षक दरबन्दी वा राहत अनुदान भएमा र तल्लो तहमा विद्यमान शिक्षक संख्याले कक्षागत रुपमा शिक्षक नपुग भएमा स्वयंसेवक शिक्षक कोटा उपलव्ध गराउन सकिने छ ।

इ. सेवा क्षेत्रको जनसंख्या र विद्यार्थी संख्या न्यून भएमा एवं भौतिक पूर्वाधार कमजोर रहेको विद्यालयमा स्वयंसेवक शिक्षक कोटा उपलब्ध गराइने छैन ।

ई. स्वयंसेवक शिक्षक कोटा पाउनका लागि अनुमती लिएको अन्तिम कक्षा सञ्चालन भएको कम्तिमा २ वर्ष पूरा भएको हुनु पर्नेछ ।

(३) पहिलो पटकका लागि विद्यालयमा आवश्यक तहगत एवं विषयगत शिक्षक संख्या र नगरपालिकाको आन्तरिक स्रोतका आधारमा चाहिने कूल स्वयंसेवक शिक्षक संख्या यकिन गरी निर्धारण गरिने छ ।

(४) विद्यालयगत रुपमा वितरण गरिने कोटा अनुसार स्वयंसेवक शिक्षक खटिदा समेत सहजरुपमा विद्यालय सञ्चालन हुन नसकेको र शैक्षिक गुणस्तरमा सुधार आउन नसकेको व्यहोरा नगरपालिकाबाट गरिएको अनुगमन प्रतिवेदन र वडा कार्यालयको सिफारिसबाट देखिएमा नगरपालिकाले सोको प्रभाव मूल्याङकन गरी नगर कार्यपालिकाले स्वयंसेवक शिक्षक कोटा पुनर्वितरण एवं फिर्ता गर्न सक्ने छ ।

## परिच्छेदद ३
## स्वयंसेवक शिक्षक छनौट समिति सम्बन्धी व्यवस्था

५. **स्वयंसेवक शिक्षक छनौट समितिको गठनः** (१) यस कार्यविधि अनुसार निर्धारित पदमा स्वयंसेवक शिक्षक छनौट गरी सिफारिस गर्नको लागि देहायबमोजिमको एक स्वयंसेवक शिक्षक छनौट समिति रहने छः

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारी -संयोजक
(ख) शिक्षा शाखा प्रमुख -सदस्य
(ग) नगर कार्यपालिकाले तोकेको अधिकृत २ जना -सदस्य
(घ) शिक्षा शाखा प्रमुखले तोकेको कर्मचारी -सदस्य सचिव

(२) विषयगत आवश्यकताका आधारमा समितिले आवश्यकता अनुसारको संख्यामा विषयगत विशेषज्ञहरु स्वयंसेवक शिक्षक छनौटका लागि लिइने परीक्षा सम्बन्धी कार्यमा खटाउन सक्ने छ ।

(३) समितिको कार्यसञ्चालन तथा बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

६. **स्वयंसेवक शिक्षक छनौट समितिको काम, कर्तव्य र अधिकारः** स्वयंसेवक शिक्षक छनौट समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) यस कार्यविधि अनुसार सामुदायिक विद्यालयहरुका लागि तोकिएको पद संख्यामा स्वयंसेवक शिक्षक करार नियुक्ति गर्न प्रतियोगितात्मक परीक्षा सञ्चालनका लागि विज्ञापन प्रकाशित गर्ने,
(ख) विज्ञापन प्रकाशन गर्दा खुल्ला र समावेशी पद संख्या निर्धारण गर्ने,
(ग) विज्ञापनमा तोकिएको योग्यता पुगेका उमेदवारको छनौट गर्न लिखित परीक्षा, प्रयोगातत्मक परीक्षा र अन्तरवार्ता सञ्चालन गर्ने,
(घ) लिखित तथा प्रयोगात्मक परीक्षाबाट उत्तीर्ण हुने उमेदवारहरु मध्ये आवश्यक पद संख्याको आधारमा २० प्रतिशत उमेदवार थप गरी अन्तर्वार्ताका लागि छनौट गर्ने तर अन्तिम क्रम संख्यामा एकभन्दा बढी उमेदवारले समान अङ्क प्राप्त गरेमा त्यस्तो सबै उमेदवारको नाम अन्तरवार्तामा प्रकाशन गर्ने,

ङ. अन्तरवार्ताको लागि छनौट भएका उमेदवारहरुको अन्तरवार्ता सञ्चालन गर्ने, आवश्यक संख्यामा सफल उमेदवारहरु छनौट गरी योग्यताक्रम सहित नियुक्तिका लागि सिफारिस गर्ने र उपलव्ध भएसम्म आवश्यक पद संख्याको १० प्रतिशत उमेदवारहरु थप गरी वैकल्पिक योग्यताक्रम सूची प्रकाशन गर्ने ।

## परिच्छेद ४
## विज्ञापन प्रकाशन, प्रतियोगितात्मक परीक्षा र सिफारिस सम्वन्धि व्यवस्था

७. **विज्ञापन प्रकाशन गर्नु पर्नेः** (१) यस कार्यविधि बमोजिम स्वयंसेवक शिक्षक पदमा पदपूर्तिको लागि कम्तिमा १५ दिनको म्याद राखी विज्ञापन प्रकाशन गर्नु पर्नेछ र उक्त विज्ञापनमा योग्यता पुगेका नेपाली नागरिकले अनुसूची १ बमोजिमको आवेदन पेश गर्नु पर्नेछ ।

(२) प्रकाशित विज्ञापनमा थपघट वा संशोधन गर्नु परेमा प्रथम पटक प्रकाशन भएको मितिले १० दिन भित्र समितिले थपघट वा संशोधन गर्न सक्ने छ ।

(३) स्वयंसेवक शिक्षक छनौटका लागि स्वयंसेवक शिक्षक छनौट समिति वा सम्बन्धित विद्यालय मध्ये कुनै एकले गर्न सक्नेछ ।

८. **पदपूर्ति प्रक्रिया खुल्ला र समावेशी हुनेः** (१) विषयगत रुपमा एक मात्र स्वयंसेवक शिक्षक पदमा खुल्ला प्रतियोगितात्मक प्रक्रियाबाट पदपूर्ति गरिने छ ।

(२) स्वयंसेवक शिक्षक पदलाई समावेशी बनाउन प्रतियोगिताद्वारा पूर्ति हुने पद मध्ये ५५ प्रतिशत खुला र बाँकी ४५ प्रतिशतलाई शत प्रतिशत मानी तपसिल बमोजिमको कोटा निर्धारण गरिने छ ।

(क) महिलाः ३३ प्रतिशत
(ख) आदिवासी जनजातिः २७ प्रतिशत
(ग) मधेशीः २२ प्रतिशत
(घ) अपांगताः ५ प्रतिशत
(ङ) पिछडिएको क्षेत्रः ४ प्रतिशत

(३) यसरी पद संख्या निर्धारण गर्दा शून्य दशमलव पाँच वा सोभन्दा बढीलाई एक कायम गरी शून्य दशमलव पाँचभन्दा कम आएमा खुल्लाबाट समावेशी समूहमा सर्दै जाने छ ।

९. **योग्यता तथा तालिम सम्बन्धी व्यवस्थाः** (१) स्वयंसेवक शिक्षक पदमा उमेदवार हुनको लागि देहायबमोजिमको योग्यता पुगेका नेपाली नागरिक मात्र योग्य हुने छन्:

क. १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको, मगज नबिग्रेको, नैतिक पतन देखिने फौज्दारी अभियोगमा कसूरदार नठहरिएको तथा भविष्यमा सरकारी नोकरी एवं शिक्षक सेवाको लागि अयोग्य हुने गरी सेवाबाट बर्खास्त नभएको,

ख. आधारभूत तह (कक्षा १-८) को लागि प्रविणता प्रमाण पत्र तह उत्तीर्ण गरेको,

ग. माध्यमिक तह (कक्षा ९-१० र कक्षा ११-१२) को लागि सम्बन्धित विषयमा क्रमशः स्नातक तह र स्नातकोत्तर तह उत्तीर्ण गरेको ।

१०. **पदपूर्तिको माध्यमः** (१) स्वयंसेवक शिक्षक पदपूर्तिका लागि स्वयंसेवक शिक्षक छनौट समितिले देहायबमोजिमको प्रक्रिया अवलम्बन गरी लिखित परीक्षा, प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता सञ्चालन गर्नेछ ।

क. लिखित परीक्षाको पूर्णाङ्क र उत्तीर्णाङ्क पाठ्यक्रममा निर्धारण भए बमोजिम हुनेछ ।

ख. आवश्यकता अनुसार लिइने प्रयोगात्मक परीक्षाको पूर्णाङ्क र उत्तीर्णाङ्क क्रमशः २५ र १० हुनेछ ।

ग. अन्तरवार्ताको २० अंक हुनेछ । जस मध्ये शैक्षिक योग्यताको अङ्क ३, शिक्षण अनुभवको अङ्क २, स्थानीय वापत अङ्क ५ हुनेछ र व्यक्तिगत अन्तरवार्ता १० अङ्कको हुनेछ ।

- शैक्षिक योग्यता वापत प्रथम श्रेणीको अङ्क ३, द्वित्तीय श्रेणीको अङ्क २ र तृतीय श्रेणीको अङ्क १ हुनेछ । श्रेणी नखुलेको प्रमाण पत्रको हकमा द्वित्तीय श्रेणी सरहको अङ्क दिइने छ ।
- शिक्षण अनुभव वापत सम्बन्धित विषयमा नेपाल सरकारबाट स्वीकृत दरबन्दी वा राहत अनुदान अस्थायी/करार शिक्षक पदमा शिक्षण गरेको भए १ वर्ष भन्दा वढी ५ वर्षसम्मको अनुभव भएमा १ अङ्क र सोभन्दा माथिको अनुभवलाई २ अङ्क दिइने छ ।
- उमेदवार नगरपालिकाको स्थायी बासिन्दा रहेमा स्थानीय वापत ५ अङ्क दिइने छ । यसको लागि नगरपालिकामा स्थायी बसोबास गरेको प्रमाण (नागरिकता, बसाइसराइ वा विवाह दर्ताको प्रमाणित प्रतिलिपि) पेश गर्नु पर्नेछ ।
- व्यक्तिगत अन्तरवार्ता वापतको १० अङ्कमा व्यक्तित्व वापत १ अङ्क, प्रस्तुतीकरण वापत १ अङ्क, शिक्षण विधि एवं शिक्षा मनोविज्ञान ज्ञान सम्बन्धी २ अङ्क र सम्बन्धित विषयवस्तुको ज्ञान वापत ६ अङ्क प्रदान गरिने छ ।

११. **लिखित परीक्षाको पाठ्यक्रम र अङ्कभारः** (१) विषयगत रुपमा शिक्षक सेवा आयोगबाट खुल्ला प्रतियोगितात्मक परीक्षाको लागि निर्धारित/संशोधित पाठ्यक्रम नै स्वयंसेवक शिक्षक छनौटको लागि लिइने परीक्षाको पाठ्यक्रम हुनेछ ।

१२. **प्रश्नपत्र निर्माण र परीक्षा सञ्चालनः** (१) प्रश्नपत्र निर्माण एवं परिमार्जनका लागि स्वयंसेवक शिक्षक छनौट समितिका संयोजकको संयोजकत्वमा शिक्षा शाखा प्रमुख सदस्य रहेको एक उपसमिति रहने छ ।

(२) समितिले पदपूर्ति हुने पदको प्रकृति अनुसार बहालवाला शिक्षक वा सेवा निबृत शिक्षक वा विषयविज्ञहरुबाट प्रश्नपत्र निर्माण र परिमार्जन गराउने छ । प्रश्नपत्रहरु सिलबन्दी गरी उचित भण्डारण गर्ने कर्तव्य समितिका संयोजक वा निजले तोकेको कर्मचारीको हुनेछ ।

(३) समितिले तोकेको मिति, समय र स्थानमा परीक्षा सञ्चालन हुनेछ ।

(४) लिखित परीक्षाको केन्द्राध्यक्ष समितिका संयोजक आँफै वा निजले तोकेको कर्मचारी हुनेछ । संयोजकले परीक्षा सञ्चालनका लागि आवश्यक मात्रामा निरीक्षकहरु खटाउन सक्नेछन् ।

(५) समितिका पदाधिकारी, परीक्षामा खटिएका सुरक्षाकर्मी, परीक्षार्थी, प्रमुख, उपप्रमुख र समितिका पदाधिकारी वा प्रमुखबाट अनुमति प्राप्त कर्मचारी वा प्रतिनिधि वाहेक अन्य व्यक्तिलाई परीक्षा भवन भित्र प्रवेश गर्न दिइने छैन ।

१३. **उत्तरपुस्तिका परीक्षण र नतिजा प्रकाशनः** (१) उत्तरपुस्तिका परीक्षण गर्ने विशेषज्ञले उमेदवारको पहिचान गर्न नसक्ने गरी समितिले लिखित परीक्षको उत्तरपुस्तिकामा प्रथम र दोस्रो कोडिङ गर्ने व्यवस्था मिलाउन सक्ने छ ।

(२) कोडिङ भएको उत्तरपुस्तिका सम्बन्धित विषय विशेषज्ञ परीक्षण र सम्परीक्षण गराइने छ । समितिले उत्तरपुस्तिका परीक्षण गर्ने विधि, प्रक्रिया र आचारसंहिता विषय विशेषज्ञलाई उपलब्ध गराउने छ ।

(३) विषय विशेषज्ञले समयमै उत्तरपुस्तिका परीक्षण गरी उत्तरपुस्तिका परीक्षण सम्पन्न पश्चात् सिलबन्दी गरी समितिको सदस्य सचिव समक्ष पेश गर्नु पर्नेछ ।

(४) समितिले परीक्षण भएको उत्तरपुस्तिका सम्परीक्षण गर्ने व्यवस्था मिलाउन सक्नेछ । सम्परीक्षण भएको उत्तरपुस्तिका सिलबन्दी गरी समितिको सदस्य सचिवलाई बुझाउनु पर्नेछ ।

५) सिलबन्दी गरिएको उत्तरपुस्तिका समितिका सम्पूर्ण पदाधिकारीहरुको उपस्थितिमा खोली सामूहिक रुपमा रुजु गरी आवश्यक पद संख्याको २० प्रतिशत उमेदवार थप गरी सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उमेदवारहरुको नाम नेपाली वर्णानुक्रम अनुसार समावेश गरी लिखित परीक्षाको नतिजा प्रकाशन गर्नु पर्नेछ ।

१४. **<u>प्रयोगात्मक परीक्षा, अन्तरवार्ता र अन्तिम नतीजा प्रकाशनः</u>** (१) लिखित परीक्षामा सफल उमेदवारहरुलाई मात्र प्रयोगात्मक परीक्षा र अन्तरवार्तामा सहभागी गराइने छ । तर समितिले आवश्यक ठानेमा मात्र प्रयोगात्मक परीक्षा सञ्चालन गरिने छ ।

(२) प्रयोगात्मक परीक्षा र अन्तरवार्ता सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरेवमोजिम हुनेछ ।

(३) समिति आफैले अन्तरवार्ता लिन सक्नेछ । तर आवश्यक परेमा समितिले विषय विशेषज्ञता आधारमा कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारी वा अन्यत्रबाट थप कर्मचारी/विषय विज्ञ मनोनयन गर्न सक्ने वा छुट्टै अन्तरवार्ता समिति गठन गरी कार्य जिम्मेवारी दिन सक्नेछ ।

(४) अन्तरवार्तामा रहने पदाधिकारीहरुले अन्तरवार्तामा छुट्टाछुट्टै अंक प्रदान गनेछन् । सबै अन्तरवार्ताकारहरुले प्रदान गरेको अङ्कहरुको औषत गणना गरी उमेदवारहरुले लिखित परीक्षा, प्रयोगात्मक परीक्षा भए सो परीक्षा र अन्तरवार्तामा प्राप्त गरेको अङ्क जोडी सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उमेदवारहरु समावेश गरी समितिले आवश्यक संख्यामा सफल उमेदवार र १० प्रतिशत संख्यामा वैकल्पिक उमेदवारहरुको नामावली सहितको अन्तिम नतिजा प्रकाशन गर्नेछ ।

(५) समितिले अन्तिम नतिजामा परेका सफल उमेदवारहरुलाई करार स्वयंसेवक शिक्षक पदमा नियुक्तिका लागि सिफारिस सहित नगरपालिकामा पेश गर्नु पर्नेछ ।

## परिच्छेद ५
## <u>उजुरी तथा नियुक्ति सम्बन्धी व्यवस्थाः</u>

१५. **<u>उजुरी दिन सक्ने तथा उजुरी उपर कार्वाही सम्बन्धी व्यवस्थाः</u>** (१) अन्तिम नतिजा प्रकाशन तथा सिफारिस सम्बन्धमा कुनै उमेदवारलाई चित्त नबुझेमा त्यस्तो उमेदवारले अन्तिम नतिजा प्रकाशन भएको मितिले ७ दिन भित्र नगरपालिका शिक्षा शाखामा रु १०००। को राजश्व सहित निवेदन दिन सक्नेछ ।

(२) त्यस्तो उजुरीउपर छानविन गरी किनारा लगाउन नगरपालिकाले छानविन समिति गठन गर्न सक्नेछ । सामान्यतः छानविन समिति गठन भएको १५ दिनभित्र छानविन समितिले उजुरी उपर कार्वाहीको निर्णय गर्नेछ ।

(३) उजुरीउपर छानविन समितिले गरेको निर्णय अन्तिम निर्णय हुनेछ ।

१६. **करार नियुक्ति सम्बन्धी व्यवस्था:** (१) सिफारिस उपर उजुरी परेको खण्डमा उजुरी उपर कार्वाहीको निर्णय पश्चात र उजुरी नपरेको अवस्थामा उजुरी दिने म्याद समाप्त भएपश्चात नगरपालिकाले प्रथम पटक ६ महिनाका लागि सो समय पश्चात सेवा सन्तोषजनक भएमा चालु आ.व. को असार मसान्तसम्मको लागि अनुसूची २ बमोजिम सेवा करार सम्झौता गरी स्वयंसेवक शिक्षक पदमा नियुक्ति गर्नेछ । यसरी नियुक्ति गर्नु अघि पदस्थापन हुने विद्यालयहरुको सूचि प्रकाशन गर्ने र सफल उमेदवारहरुलाई विद्यालय छनौट गर्न लगाइ योग्यताक्रमको आधारमा पदस्थापन हुने विद्यालय समेत खुलाई नियुक्ति दिइने छ ।

(२) नियुक्ति हुने स्वयंसेवक शिक्षकको कार्यसम्पादन सन्तोषजनक नरहेको व्यहोरा विद्यालय व्यवस्थापन समितिको सिफारिस वा नगरपालिकाबाट भएको स्थलगत अनुगमन/निरीक्षणबाट देखिएमा नगरपालिकाले जुनसुकै बखत हटाउन सक्नेछ । तर, निजलाई सफाइको मौकाबाट बञ्चित गरिने छैन ।

(३) स्वयंसेवक शिक्षकको कार्यसम्पादन सन्तोषजनक रहेको व्यहोरा शिक्षा शाखा प्रमुखको राय सहित प्रमुख प्रशासकीय अधिकृतको सिफारिसबाट देखिएमा कार्यपालिकाले करार अवधि थप गर्न सक्नेछ ।

(४) सेवा करारमा नियुक्त स्वयंसेवक शिक्षकको सेवा सुविधा दफा १८ मा उल्लेख भएबमोजिम हुनेछ ।

## परिच्छेद ६
## विविध

१७. **दरखास्त दस्तुर, समितिका पदाधिकारीहरुको सुविधा, परीक्षा सञ्चालन खर्च तथा अन्य खर्च:** (१) स्वयंसेवक शिक्षक पदको लागि दरखास्त दस्तुर वापत आधारभूत तहका लागि रु.३००। र माध्यमिक तहको लागि रु.५००। हुनेछ ।

(२) समितिको बैठकको दिन समितिका पदाधिकारी तथा समितिले आवश्यक ठानेका आमन्त्रित सदस्यहरुले बैठक भत्ता र परीक्षा सञ्चालन भएको दिन समितिका पदाधिकारी, केन्द्राध्यक्ष, निरीक्षक, अनुगमनकर्ता समेतलाई पारिश्रमिक वापत नियमानुसार बैठक भत्ता र खाजाखाना उपलव्ध सकिने छ ।

(३) पदपूर्ति सम्बन्धी कामको शिलशिलामा खटिने पदाधिकारी वा कर्मचारीहरुलाई अतिरिक्त समयमा काम गरे वापत प्रति दिनको तलब वरावर अतिरिक्त भत्ता उपलब्ध गराइन्छ ।

(४) प्रश्नपत्र निर्माण गरेवापत प्रतिसेट प्रश्नपत्र निर्माणको लागि लोकसेवा आयोगले तोकेको प्रचलित दर अनुसारको पारिश्रमिक उपलव्ध गराइने छ ।

(५) प्रश्नपत्र परिमार्जन गरे वापत प्रतिसेट प्रश्नपत्र निर्माणको लागि लोकसेवा आयोगले तोकेको प्रचलित दर अनुसारको पारिश्रमिक उपलब्ध गराइने छ ।

(६) उत्तरपुस्तिका परीक्षणमा खटिए वापत प्रति उत्तरपुस्तिका परीक्षणको लागि प्रतिसेट प्रश्नपत्र निर्माणको लागि लोकसेवा आयोगले तोकेको प्रचलित दर अनुसारको पारिश्रमिक उपलव्ध गराइने छ ।

१८. **स्वयंसेवक शिक्षकको सेवा, शर्त र सुविधा:** (१) स्वयंसेवक शिक्षकको मासिक निर्वाह खाजा खर्च/यातायात खर्च र सञ्चार खर्च वापत नगरपालिकाले समयसमयमा परिमार्जन गर्न सक्नेछ । तर प्रथम पटकका लागि मासिक निर्वाह खाजा खर्च/यातायात खर्च र सञ्चार खर्च देहायबमोजिम उपलव्ध गराउने छ:

| सि.नं. | पद | तह | मासिक खर्च |
|---|---|---|---|
| १ | स्वयंसेवक शिक्षक | आधारभूत तह (कक्षा १-८) | १५,०००। |
| २ | स्वयंसेवक शिक्षक | आधारभूत तह (कक्षा ९-१२) | १८,०००। |

(२) स्वयंसेवक शिक्षकले पाउने देहायबमोजिम बिदा पाउने छ :

(क) पर्व बिदा र भैपरि आउने बिदा शिक्षा नियमावलीमा उल्लेख भए अनुसार उपलब्ध गराइने छ। यस्तो बिदा सञ्चित हुने छैन।

(ख) आफ्नै रीत र परम्परा अनुसार बढीमा १५ दिन कृया बिदा उपलब्ध गराइने छ

(ग) अन्य बिदाको हकमा कार्यपालिकाको निर्णय अनुसार हुनेछ।

(३) माथि उल्लेखित (क) र (ख) को हकमा सम्बन्धित विद्यालयको प्रधानाध्यापकले बिदा स्वीकृत गर्नेछ। तर (ग) को हकमा नगरपालिकामा प्रधान अध्यापकले सिफारिस गर्न सक्नेछ।

(४) स्वयंसेवक शिक्षकको मासिक खर्च निज कार्यरत विद्यालयको खातामा निकासा गरिने छ। यसका लागि सम्बन्धित विद्यालयले चौमासिक रुपमा निकासा माग फाराम नगरपालिकामा पेश गर्नु पर्नेछ। विद्यालयमा निकासा पश्चात् सम्बन्धित विद्यालयले निजको कार्यसम्पादन र हाजिरी अभिलेखका आधारमा स्वयंसेवक शिक्षकको बैंक खाता मार्फत भुक्तानी दिनु पर्नेछ।

(५) स्वयंसेवक शिक्षकलाई १ वर्ष अध्यापन गरेमा रु.५०००। पोशाक खर्च वापत रकम उपलब्ध गराइने छ।

१९. **स्वयंसेवक शिक्षकको आचारसंहिता:** (१) स्वयंसेवक शिक्षकले देहायबमोजिमको आचारसंहिता पालना गर्नु पर्नेछ:

(क) नगरपालिकासँग भएको सम्झौता बमोजिमको कार्य इमान्दारपूर्वक सम्पन्न गर्नुपर्ने,

(ख) निर्धारित समयमा नियमितरुपले विद्यालयमा आए-गएको समय जनाइ हाजिरी गर्ने र पहिले बिदाको अनुमति नलिइ विद्यालयमा अनुपस्थित नहुने,

(ग) शिक्षक, विद्यार्थी र समुदायमा कुनै भाषा, धर्म तथा सम्प्रदाय विरोधी भावना फैलाउन नहुने,

(घ) नगरपालिकाको नीति, नियम तथा कानून प्रतिकूल हुने खालको कुनै पनि कार्य नगर्ने,

(ङ) कुनै पनि राजनीतिक गतिविधिमा संलग्न हुन नहुने,

(च) इमान्दार, शिष्ट, नम्र, पारदर्शी र सदाचारी व्यवहार अवलम्बन गर्नु पर्ने,

(छ) आफ्नो सेवा सुविधाका सम्बन्धमा कुनै प्रकारको संगठन गर्न नहुने,

(ज) सम्झौता विपरीतको कार्य गर्न र यस विरुद्ध उजुरी गर्न नहुने।

२०. **सेवा प्रमाणित सम्बन्धमा:** (१) स्वयंसेवक शिक्षकले सम्झौता बमोजिमको कार्यावधि पूरा गरेमा वा सोभन्दा बढि अवधि कार्य गरेमा नगरपालिकाले निजलाई शिक्षण अनुभवको सेवा प्रमाण पत्र प्रदान गर्नेछ।

२१. **अनुगमन तथा प्रतिवेदन सम्बन्धी व्यवस्था:** (१) स्वयंसेवक शिक्षकले गरेको कार्यसम्पादनको नियमित अनुगमन गर्ने र चौमासिक प्रतिवेदन पठाउने जिम्मेवारी सम्बन्धित विद्यालयको प्रधानाध्यापकको हुनेछ।

(२) सम्बन्धित वडा कार्यालय र नगरपालिका पदाधिकारी एवं कर्मचारीहरुबाट समयसमयमा स्वयंसेवक शिक्षकले गरेको कार्यको स्थलगत अनुगमन तथा निरीक्षण हुनेछ।

२२. **खारेजी तथा बचाउः** (१) कार्यपालिकाबाट यस स्वयंसेवक शिक्षक व्यवस्थापन सम्बन्धी अर्को व्यवस्था तथा स्वीकृत भएपश्चात यस कार्यविधि खारेज भएको मानिने छ ।

(२) यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम हुने र उल्लेख नभएको विषयमा नगरपालिकाले निर्धारण गरेबमोजिम हुनेछ । तर यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

अनुसूची १
व्यास नगरपालिका,तनहूँ
स्वयंसेवक शिक्षक पदको लागि आवेदन फारम

फोटो सहितको उम्मेदवारको दस्तखत

विषय फरक भएमा छुट्टाछुट्टै फारम भर्नु पर्नेछ । तर एउटै विषयको बढी समूहको लागी एउटै फाराम प्रयोग गर्नु पर्नेछ ।

क. उमेदवारले सेवा गर्न चाहेको पद : .................. विज्ञापन नं. ..................

तहः.................. विषयः................. समूह.................

ख. उमेदवारको वैयक्तिक विवरण :
उमेदवारको नामथर : देवनगरीमा :...........................................
In English Block Letter : ..................

**स्थायी ठेगाना** : जिल्ला ......... गा.पा./न.पा.:.................. वडा नं. ............
टोल ................ घर नं. ................ सम्पर्क नं. ....................

**पत्राचार गर्ने ठेगानाः** जिल्ला ......... गा.पा/न.पाः ................ वडा नं .............

टोल............. घर नं. ........... सम्पर्क नं............
बाबुको नामथरः ................. आमाको नामथरः ............................
बाजेको नामथरः .................... श्रीमान्/श्रीमतीको नामथरः .....................
जन्ममितिः ...................... हालको उमेरः ... वर्ष ..... महिना ..... गते

ग. शैक्षिक योग्यता सम्वन्धि विवरण :

| विश्वविद्यालय/संस्था | शैक्षिक उपाधि | संकाय | श्रेणी/प्रतिशत | मुल विषय |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

घ. संलग्न कागजातको विवरण (संलग्न प्रति समेत उल्लेख गर्ने)
१. ....................................... २. .....................................
३. ...................................... ४. ...................................
५. ........................................ ६. ...................................
७. ......................................... ८. ..................................

ङ माथि उल्लेखित व्यहोरा ठीक साँचो हो भनी उम्मेदवारले सहीछाप गर्ने :

| उमेदवारको दायाँ बुढी औलाको छाप | उमेदवारको वायाँ बुढी औलाको छाप | दस्तखत | मिति |
|---|---|---|---|
| | | | |

व्यास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दमौली, तनहुँ
गण्डकी प्रदेश, नेपाल
स्वयंसेवक शिक्षक प्रतियोगिता

फोटोमा पर्ने गरी उम्मेदवारको दस्तखत

# प्रवेश पत्र

**उमदेवारले भर्ने**

क. उमेदवारको नाम थर : ..........................

ख. तहः ........................ ग. विषयः .......................

घ. समूहः (एउटै विषयको फरक समूह भए सबै समूह र विज्ञापन नं.उल्लेख गर्ने) .....................

| | | |
|---|---|---|
| विज्ञापन नं. | | |
| समूहः | खुल्लाः | समावेशीः |

ङ. स्थायी ठेगाना : जिल्ला ..................... गा.पा./न.पा. : ..................... वडा नं. .............

च. परीक्षार्थीको दस्तखत : ....................

**सम्बन्धीत कर्मचारीले भर्नेः**

मिति ............ साल............ महिना............ गते बिहान/दिउँसो ............. बजे हुने स्वयंसेवक शिक्षक प्रतियोगितात्मक परीक्षामा तपाईँलाई सम्मिलित हुन अनुमति दिइएको छ। विज्ञापनमा तोकिएको शर्त पूरा नगरेको ठहर भएमा जुनसुकै बखत यो प्रवेश पत्र रद्द हुनेछ। परीक्षा केन्द्र पछि तोकिने छ।

परीक्षा केन्द्र : .................... रोल नं. ............. अधिकृतको दस्तखत ..........

---

व्यास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दमौली, तनहुँ
गण्डकी प्रदेश, नेपाल
स्वयंसेवक शिक्षक प्रतियोगिता

फोटोमा पर्ने गरी उम्मेदवारको दस्तखत

प्रवेश पत्र

**उमदेवारले भर्ने**

क. उमेदवारको नाम थर : ..........................

ख. तहः ........................ ग. विषयः .......................

घ. समूहः (एउटै विषयको फरक समूह भए सबै समूह र विज्ञापन नं.उल्लेख गर्ने) .....................

| | | |
|---|---|---|
| विज्ञापन नं. | | |
| समूहः | खुल्लाः | समावेशीः |

ङ. स्थायी ठेगाना : जिल्ला ..................... गा.पा./न.पा. : ..................... वडा नं. .............

च. परीक्षार्थीको दस्तखत : ....................

**सम्बन्धीत कर्मचारीले भर्नेः**

मिति ............ साल............ महिना............ गते बिहान/दिउँसो ............. बजे हुने स्वयंसेवक शिक्षक प्रतियोगितात्मक परीक्षामा तपाईँलाई सम्मिलित हुन अनुमति दिइएको छ। विज्ञापनमा तोकिएको शर्त पूरा नगरेको ठहर भएमा जुनसुकै बखत यो प्रवेश पत्र रद्द हुनेछ। परीक्षा केन्द्र पछि तोकिने छ।

परीक्षा केन्द्र : .................... रोल नं. ............. अधिकृतको दस्तखत ..........

आज्ञाले
हरिराम नागिला
प्रमुख प्रशासकीय अधिकृत